# “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०७८/७९

## प्रथम त्रयमास - २०७८ असोज


**नेपाल राष्ट्र बैंक**

**लघुवित्त संस्था सुपरिवेक्षण विभाग**

# खण्ड (२)

## लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

### २.१ पहुँच


**लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा घट्दो क्रममा रहेपनि शाखा विस्तारको क्रम भने जारी नै रहेको छ ।** २०७८ असार मसान्तसम्ममा ७० वटा लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा २०७८ असोज मसान्तसम्ममा उक्त संख्या घटेर ६९ कायम भएको छ । ६९ वटा लघुवित्त वित्तीय संस्थाहरु मध्ये ४ वटा थोककर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ६५ वटा खुद्रा कर्जा प्रवाह गर्ने संस्थाहरु रहेका छन् । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७८ असारको तुलनामा २०७८ असोज मसान्तमा ५.४१ प्रतिशतले वृद्धि भई ४ हजार ८ सय ७१ पुगेको छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या ५.७६ प्रतिशतले वृद्धि भई ३ लाख ८४ हजार, सदस्य संख्या ४.०८ प्रतिशतले वृद्धि भई ५४ लाख ३ हजार, ऋणी संख्या २.८२ प्रतिशतले वृद्धि भई ३० लाख ७७ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा २१ हजार ९ सय ८ जना कर्मचारीहरु कार्यरत रहेका छन्, जुन २०७८ असारमसान्तको तुलनामा ४.९६ प्रतिशतले बढी हो (तालिका २.१)।

**तालिका २.१: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३) *१०० |
| कुल संस्था संख्या | ८४ | ७८ | ७० | ६९ | -७.१४ | -१.४३ |
| कुल शाखा संख्या | ३,९४६ | ४,०१८ | ४,६२१ | ४,८७१ | १.८२ | ५.४१ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | ३११ | ३१९ | ३६३ | ३८४ | २.६४ | ५.७६ |
| कुल समूह संख्या (हजारमा) | १,०४० | १,०७९ | १,१८३ | १,२३९ | ३.७३ | ४.७० |
| कुल सदस्य संख्या (हजारमा) | ४,६८७ | ४,८८७ | ५,१९१ | ५,४०३ | ४.२६ | ४.०८ |
| कुल ऋणी संख्या (हजारमा) | २,७८३ | २,८८९ | २,९९२ | ३,०७७ | ३.७९ | २.८२ |
| कुल कर्मचारी संख्या | १९,०१७ | १९,०५८ | २०,८७२ | २१,९०८ | ०.२२ | ४.९६ |
| राष्ट्रिय स्तरका संस्था* | ४४ | ४८ | ४७ | ४७ | ९.०९ | ०.०० |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | २५ | १५ | ८ | ७ | -४०.०० | -१२.५० |
| प्रादेशिकस्तरका संस्था | १५ | १५ | १५ | १५ | | |


**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*

**ग्राफ २.१: लघुवित्त संस्था र शाखा सँख्या**




प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ । २०७८ असोज मसान्तसम्ममा उक्त प्रदेशमा लघुवित्त वित्तीय संस्थाहरुको ११३७ वटा शाखा संचालनमा रहेका छन् । तत्पश्चात लघुवित्त वित्तीय संस्थाहरुको ९९५ शाखा भएको प्रदेश नं २ दोस्रो स्थानमा रहेको छ । यसैगरी प्रदेश नं. १ मा लघुवित्त वित्तीय संस्थाहरुको ८३१ शाखाहरु, बाग्मती प्रदेशमा ७०३ शाखाहरु, गण्डकी प्रदेशमा ५५६, कर्णाली प्रदेशमा २१५ र सुदुर पश्चिम प्रदेशमा ४३४ शाखाहरु रहेका छन् ।

**ग्राफ २.२: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा सँख्या**



## २.२ पुँजीकोष

**लघुवित्त वित्तीय संस्थाहरुको पूँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७७ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने वैधानिक प्रावधान रहेको छ। २०७८ असोज मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.५८ प्रतिशत र १२.५८ प्रतिशत रहेको छ। समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी २०७८ असार मसान्तको तुलनामा १.४२ प्रतिशतले र जोखिम भारित सम्पति ८.८० प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः २.२४ प्रतिशत र ८.४३ प्रतिशतले बढेको थियो (तालिका २.२)।

**तालिका २.२: पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/१)*१०० | (४-३)/(३)*१०० |
| चुक्ता पुँजी | २,१४९.५३ | २,१९७.६९ | २,४७३.९८ | २,५०९.२० | २.२४ | १.४२ |
| प्राथमिक पुँजी | ३,५११.७३ | ३,७०६.५० | ४,५७३.८५ | ४,९९६.४१ | ५.५५ | ९.२४ |
| पुँजी कोष | ३,८२०.५१ | ४,०२९.६५ | ४,९९६.३५ | ५,४२९.९२ | ५.४७ | ८.६८ |
| जोखिम भारित सम्पत्ति | २८,७२०.२८ | ३१,१४१.५४ | ३९,६६९.८८ | ४३,१६०.३८ | ८.४३ | ८.८० |
| प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१२.२३** | **११.९०** | **११.५३** | **११.५८** | | |
| पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१३.३०** | **१२.९४** | **१२.५९** | **१२.५८** | | |

## २.३ वित्तीय स्रोत संकलन

**थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको सापटी रकममा वृद्धि भएको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत पूँजी र सापटी रहेको छ। २०७८ असोज मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले ४४ अर्ब ३९ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन २०७८ असार मसान्तको तुलनामा ७.२८ प्रतिशतले बढेको छ, आर्थिक बर्ष २०७७/७८ को सोही अवधिमा भने वित्तीय स्रोत संकलनमा ०.७९ प्रतिशतले ह्रास आएको थियो । २०७८ असोज मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ५.९६ गुणासम्म पुगेको छ (तालिका २.३)। लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ।

### तालिका २.३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/१)*१०० | (४-३)/३)*१०० |
| (क) निक्षेप | - | - | - | - | - | - |
| (ख) सापटी | ३,४३३.६२ | ३,४०६.३९ | ४,१३७.४२ | ४,४३८.५३ | (०.७९) | ७.२८ |
| **कुल वित्तीय स्रोत संकलन** | **३,४३३.६२** | **३,४०६.३९** | ४,१३७.४२ | ४,४३८.५३ | (०.७९) | ७.२८ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ६२४.०६ | ६५७.४२ | ७२०.३८४४६३४ | ७४५.३१ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | ५.५० | ५.१८ | ५.७४ | ५.९६ | | |

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले निक्षेप संकलन र सापटी रकम बढाएका छन् ।** २०७८ असोज मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप तथा बचत संकलन रू. १ खर्ब ३७ अर्ब ९७ करोड र सापटी रू. १ खर्ब ८३ अर्ब ५५ करोड गरी जम्मा रू. ३ खर्ब २१ अर्ब ५२ करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र प्राप्त सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७७/७८ को पहिलो त्रयमाससम्म क्रमश ६.३९ र १६.४५ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा निक्षेप संकलन र प्राप्त सापटी रकम क्रमश ५.७८ र १०.५९ प्रतिशतले बढेको छ । २०७८ असोज मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ८.४० गुणासम्म पुगेको छ (तालिका २.४)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

### तालिका २.४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | १०,६१५.०२ | ११,२९३.३५ | १३,०४२.५४ | १३,७९७.०४ | ६.३९ | ५.७८ |
| (ख) सापटी | १०,७७५.६० | १२,५४७.७९ | १६,५९७.४९ | १८,३५५.२१ | १६.४५ | १०.५९ |
| **कुल वित्तीय स्रोत संकलन** | **२१,३९०.६२** | **२३,८४१.१४** | **२९,६४०.०३** | **३२,१५२.२५** | ११.४६ | ८.४८ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | २,७८३.८३ | २,८५४.३१ | ३,५४२.७१ | ३,८२८.५४ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **७.६८** | **८.३५** | **८.३७** | **८.४०** | | |

## २.४ कर्जा तथा सापट

**थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी रकममा वृद्धि भएको छ भने निष्कृय कर्जाको अनुपातमा ह्रास आएको छ** । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७८ असारको तुलनामा ६.९५ प्रतिशतले वृद्धि भई २०७८ असोज मसान्तमा रू. ५१ अर्ब ५४ करोड पुगेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटीमध्ये निष्कृय कर्जा रु. १८ करोड अर्थात ०.३६ प्रतिशत मात्र रहेको छ । २०७८ असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.४४ प्रतिशत रहेको थियो भने २०७७ असोज मसान्तमा यस्तो अनुपात ०.५५ प्रतिशत मात्र रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जा १२.०६ प्रतिशतले घटेको छ भने सक्रिय कर्जा ७.०३ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको सोही अवधिमा सक्रिय कर्जा ४.१४ प्रतिशतले घटेको थियो भने निष्क्रिय कर्जा ३०.९९ प्रतिशतले बढेको थियो । (तालिका २.५) ।

**तालिका २.५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा )**

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | ३,७७८.५९ | ३,६२१.९७ | ४,७९८.२२ | ५,१३५.५६ | (४.१४) | ७.०३ |
| निष्क्रिय कर्जा | १५.३२ | २०.०७ | २१.०० | १८.४७ | ३०.९९ | (१२.०६) |
| **कुल कर्जा तथा सापट** | **३,७९३.९१** | **३,६४२.०४** | **४,८१९.२२** | **५,१५४.०३** | (४.००) | ६.९५ |
| निष्क्रिय कर्जा अनुपात | **०.४०** | **०.५५** | **०.४४** | **०.३६** | | |

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकम र निष्कृय कर्जाको अनुपात बढेको छ** । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७८ असारको तुलनामा १०.६६ प्रतिशतले बढेर २०७८ असोज मसान्तमा रू. ३ खर्ब ५१ अर्ब २० करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. ११ अर्ब १९ करोड अर्थात ३.१९ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा निष्कृय कर्जाको अनुपात २.९७ प्रतिशत रहेको थियो भने २०७७ असोज मसान्तमा यस्तो अनुपात ३.९७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर १८.६३ प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर १०.४२ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा क्रमशः ८.१६ र ८६.७३ प्रतिशतले बढेको थियो (तालिका २.६) ।

**तालिका २.६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा )**

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/१) *१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | २१,९५३.८९ | २३,७४४.५२ | ३०,७९३.२३ | ३४,०००.८४ | ८.१६ | १०.४२ |
| निष्क्रिय कर्जा | ५२५.४२ | ९८१.१२ | ९४२.९५ | १,११८.६७ | ८६.७३ | १८.६३ |
| **कुल कर्जा तथा सापट** | **२२,४७९.३१** | **२४,७२५.६४** | **३१,७३६.१८** | **३५,११९.५०** | ९.९९ | १०.६६ |
| निष्क्रिय कर्जा अनुपात | **२.३४** | **३.९७** | **२.९७** | **३.१९** | | |

**लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा रकम २०७८ असोज मसान्तमा रु. ४ खर्ब २ अर्ब ७४ करोड मध्ये रु. १ खर्ब ८१ अर्ब ८२ करोड अर्थात ४५.१५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७८ असार मसान्तमा कृषि क्षेत्रमा रु. १ खर्ब ६३ अर्ब ८६ करोड अर्थात ४४.८२ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७८/७९ को प्रथम त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.२९ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३१.६५ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको हिस्सा १२.८० प्रतिशत रहेको छ (तालिका २.७)।

**तालिका २.७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

| कर्जा विवरण | २०७८ असार ( रु. करोडमा ) | २०७८ असार ( प्रतिशत ) | २०७८ असोज ( रु. करोडमा ) | २०७८ असोज ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | १६,३८५.५५ | ४४.८२ | १८,१८१.६६ | ४५.१५ |
| घरेलु तथा लघु उद्योग | १,२१६.६९ | ३.३३ | १,३२६.६२ | ३.२९ |
| सेवा व्यावसाय | ११,४२१.२७ | ३१.२४ | १२,७४४.९३ | ३१.६५ |
| थोक कर्जा | ४,८१९.२२ | १३.१८ | ५,१५४.०३ | १२.८० |
| अन्य | २,७१२.६७ | ७.४२ | २,८६६.३० | ७.११ |
| **जम्मा** | **३६,५५५.४०** | **१००.००** | **४०,२७३.५३** | **१००.००** |

**थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था बढेको छ** । २०७८ असोज मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा ३.९७ प्रतिशतले बढेर रू. १ अर्ब १ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. १८ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ०.७२ प्रतिशतले घटेको थियो (तालिका २.८)।

**तालिका २.८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ५८.५९ | ५१.९५ | ७८.८३ | ८३.१८ | (११.३२) | ५.५१ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १४.४० | २०.५१ | १८.१४ | १७.६५ | ४२.४० | (२.७२) |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **७२.९९** | **७२.४७** | **९६.९७** | **१००.८२** | (०.७२) | ३.९७ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.९२** | **१.९९** | **२.०१** | **१.९६** | | |

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा ५.१४ प्रतिशतले बढेर रू. १० अर्ब २९ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. ५ अर्ब ५५ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम १७.९० प्रतिशतले बढेको थियो (तालिका २.९)।

**तालिका २.९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ३८२.७५ | ३५२.२७ | ४९२.०४ | ४७४.७९ | (७.९६) | (३.५१) |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ३०७.७८ | ४६१.८६ | ४८७.०२ | ५५४.६२ | ५०.०६ | १३.८८ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **६९०.५३** | **८१४.१३** | **९७९.०६** | **१०२९.४१** | १७.९० | ५.१४ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **३.०७** | **३.२९** | **३.०९** | **२.९३** | | |

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जाको अंश घटेको छ भने लघु व्यवसाय कर्जाको अंश बढेको छ ।** २०७८ असोज मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासंग कुल कर्जा तथा सापटको अनुपात १८.१५ प्रतिशत रहेको छ । यस्तो अनुपात २०७८ असार मसान्तमा १९.१२ प्रतिशत र २०७७ असोज मसान्तमा १९.११ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश पनि २०७८ असारमा ७३.७६ प्रतिशत रहेकोमा २०७८ असोजमा ७४.५६ प्रतिशत पुगेको छ (तालिका २.१०)।

**तालिका २.१०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | ४,१६४.४३ | ४,७२५.६० | ६,०६७.८५ | ६,३७३.१८ | १३.४८ | ५.०३ |
| लघु व्यवसाय कर्जा | १७,०४२.७४ | १८,५२४.४५ | २३,४०७.५७ | २६,१८६.६२ | ८.६९ | ११.८७ |
| अन्य कर्जा | १,२७२.१४ | १,४७५.५७ | २,२६०.७७ | २,५५९.७० | १५.९९ | १३.२२ |
| कुल कर्जा तथा सापट प्रदान | २२,४७९.३१ | २४,७२५.६२ | ३१,७३६.१८ | ३५,११९.५० | ९.९९ | १०.६६ |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **१८.५३** | **१९.११** | **१९.१२** | **१८.१५** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | **७५.८२** | **७४.९२** | **७३.७६** | **७४.५६** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **५.६६** | **५.९७** | **७.१२** | **७.२९** | | |

## २.५ लगानी

**लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा ह्रास आएको छ ।** २०७८ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. १३ अर्ब ४९ करोड पुगेको छ, जुन २०७८ असारको तुलनामा ८.३१ प्रतिशतले कम हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी ३७.५६ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्दती निक्षेपमा २०७८ असोजसम्म रु. ११ अर्व ४३ करोड राखेका छन् जुन रकम २०७८ असारको तुलनामा १४.४० प्रतिशतले कम हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्दती निक्षेपमा राखेको रकम ३२.४० प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूको समीक्षा अवधिमा सरकारी सुरक्षणपत्रमा गरेको लगानी र शेयर तथा डिबेन्चरमा गरेको लगानी घटेको देखिन्छ । (तालिका २.११)।

**तालिका २.११: लगानी विवरण**

(रु. करोडमा)

| **विवरण** | **२०७७ असार (१)** | **२०७७ असोज (२)** | **२०७८ असार (३)** | **२०७८ असोज (४)** | **प्रतिशत परिवर्तन** | |
|---|---|---|---|---|---|---|
| | | | | | **(२-१)/(१)*१००** | **(४-३)/(३)*१००** |
| सरकारी सुरक्षणपत्र | ४६.५६ | ४६.५९ | ५५.७३ | ४६.८७ | ०.०८ | (१५.९०) |
| शेयर तथा डिवेन्चर | २४.२१ | १३.६८ | १३.२६ | ११.४२ | (४३.४९) | (१३.८२) |
| मुद्दती निक्षेप | ९४३.७६ | १,२४९.५८ | १,३३४.७१ | १,१४२.५६ | ३२.४० | (१४.४०) |
| अन्य लगानी | ५.४१ | ९३.२१ | ६७.५५ | १४८.०८ | १,६२४.३५ | ११९.२२ |
| **जम्मा लगानी** | **१,०१९.९४** | **१,४०३.०७** | **१,४७१.२५** | **१,३४८.९३** | ३७.५६ | (८.३१) |

## २.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

**लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै बढेको छ ।** २०७८ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ४ खर्ब ६८ अर्ब ९२ करोड पुगेको छ । यो २०७८ असार मसान्तको रु. ४ खर्ब ३४ अर्ब ७४ करोडको तुलनामा ७.८६ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति ९.६२ प्रतिशतले बढेको थियो । २०७८ असोज मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९२.०४ प्रतिशत रहेको छ जुन २०७८ असार मसान्तमा ९१.२५ प्रतिशत रहेको थियो । (तालिका २.१२)।

**तालिका २.१२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| **विवरण** | **२०७७ असार (१)** | **२०७७ असोज (२)** | **२०७८ असार (३)** | **२०७८ असोज (४)** | **प्रतिशत परिवर्तन** | |
|---|---|---|---|---|---|---|
| | | | | | **(२-१)/(१)*१००** | **(४-३)/(३)*१००** |
| कुल सम्पत्ति | ३१,७५१.८८ | ३४,८०६.५० | ४३,४७३.६८ | ४६,८९२.०९ | ९.६२ | ७.८६ |
| जोखिम भारित सम्पत्ति | २८,७२०.२८ | ३१,१४१.५४ | ३९,६६९.८८ | ४३,१६०.३८ | ८.४३ | ८.८० |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **९०.४५** | **८९.४७** | **९१.२५** | **९२.०४** | | |

## २.७ मुनाफा स्थिति

**थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको प्रथम त्रयमासको तुलनामा वृद्धि भएको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७८/७९ को प्रथम त्रयमाससम्ममा ब्याज आम्दानी रु. १ अर्ब ४ करोड र ब्याज खर्च रु. ५३ करोड रहेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. ४७ करोड खुद मुनाफा गरेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा २६ करोड रहेको थियो । (तालिका २.१३) ।

**तालिका २.१३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ४५२.८९ | ९३.०६ | ३६१.५१ | १०३.८६ | (२०.१८) | ११.६० |
| ब्याज खर्च | २५२.५७ | ४६.९५ | १४७.३३ | ५३.४९ | (४१.६७) | १३.९२ |
| संचालन आम्दानी | २१०.८२ | ४८.६५ | २२४.२९ | ५४.९८ | ६.३९ | १३.०० |
| खूद नाफा/नोक्सान | १०५.२६ | २५.८५ | १०६.६९ | ४७.२१ | १.३६ | ८२.६५ |

**समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको प्रथम त्रयमासको तुलनामा उल्लेख्य दरमा बढेको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रयमाससम्ममा खुद मुनाफा रु. १ अर्ब १६ करोड रहेकोमा यस आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा २ अर्ब ५८ करोड मात्र रहेको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७८/७९ को प्रथम त्रयमाससम्ममा ब्याज आम्दानी रु. १२ अर्ब ११ करोड र ब्याज खर्च रु. ५ अर्ब ५३ करोड रहेको छ (तालिका २.१४)। यस अवधिमा सञ्चालित ६५ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये ६ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका २.१४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ३,६६३.७७ | ८९२.२५ | ४,१६८.८१ | १,२११.४९ | १३.७८ | ३५.७८ |
| ब्याज खर्च | १,९३४.१६ | ४०४.७९ | १,६८०.६१ | ५५३.३२ | (१३.११) | ३६.६९ |
| संचालन आम्दानी | २,१६३.३४ | ६१७.०५ | ३,१३८.९५ | ८४९.८६ | ४५.१० | ३७.७३ |
| खूद नाफा/नोक्सान | ४२९.४६ | ११५.६१ | १,०७५.९२ | २५८.१२ | १५०.५३ | १२३.२६ |

## २.८ तरलता स्थिति

**समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति बढेको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७८ असोज मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०७८ असारको तुलनामा ५.४७ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ८८ करोड पुगेको छ ।

**तालिका २.१५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | ३.७६ | ७.०६ | ४.५४ | ४.३७ | ८७.९७ | (३.८५) |
| नेपाल राष्ट्र बैंक मौज्दात | ८४.३८ | ८५.३८ | ९४.९३ | ११८.६४ | १.१९ | २४.९७ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ५१८.७० | ४०३.८४ | २१२.५७ | २१८.०३ | (२२.१४) | २.५७ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ४६.५६ | ४६.५९ | ५५.७३ | ४६.८७ | ०.०८ | (१५.९०) |
| **कुल तरल सम्पत्ति** | **६५३.३९** | **५४२.८८** | **३६७.७८** | **३८७.९०** | (१६.९१) | ५.४७ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ३,०८९.९० | ३,२००.७६ | ३,७२०.५० | ३,८२५.८६ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १,१५०.९४ | १,१०१.९७ | १,२७४.२७ | १,२५३.९९ | | |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **२१.१५** | **१६.९६** | **९.८९** | **१०.१४** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **१५.४१** | **१२.६२** | **७.३६** | **७.६४** | | |
| वैधानिक तरलता अनुपात | **४.३१** | **४.२८** | **४.२५** | **४.४०** | | |
| अनिवार्य मौज्दात अनुपात | **२.७१** | **२.४** | **२.४५** | **२.४०** | | |

२०७८ असोज मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात १०.१४ प्रतिशत रहेको छ । २०७७ असोज र २०७८ असार मसान्तमा यस्तो अनुपात क्रमशः १६.९६ प्रतिशत र ९.८९ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ असोज महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.४० प्रतिशत र २.४० प्रतिशत रहेको छ (तालिका २.१५) । समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढी नै रहेको छ ।

**सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा ह्रास आएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ असोज मसान्तमा तरल सम्पत्ति २०७८ असारको तुलनामा ११.४३ प्रतिशतले ह्रास आई रु. २२ अर्ब २९ करोड पुगेको छ । २०७८ असोज मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात २४.१८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा बित्तीय संस्थामा रहेको मौज्दात घटेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ असोज महिनाको अनिवार्य मौज्दात अनुपात ०.६२ प्रतिशत रहेको छ (तालिका २.१६) । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने कुल ६७ वटा लघुवित्त वित्तीय संस्थाहरुमध्ये १ संस्थाको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको दर भन्दा न्यून रहेको र अन्य ६६ वटा लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात तोकिएको दर भित्रै रहेको छ ।

**तालिका २.१६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ असोज (२) | २०७८ असार (३) | २०७८ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| नगद | ३४.१९ | ३४.३८ | ४७.५७ | ४१.६८ | ०.५५ | (१२.३७) |
| नेपाल राष्ट्र बैंक मौज्दात | ५५.११ | ५६.५४ | ७१.४० | ७४.७० | २.५९ | ४.६२ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | २,३४१.८४ | २,७७३.७० | २,३९७.८३ | २,११२.६३ | १८.४४ | (११.८९) |
| सरकारी सुरक्षणपत्रमा लगानी | - | - | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | २४३१.१४ | २८६४.६२ | २,५१६.८० | २,२२९.०१ | १७.८३ | (११.४३) |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ७,३१४.०० | ७,४१४.२६ | ९,०००.३३ | ९,२१६.६८ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १३,३५६.५७ | १३,१०७.२६ | १९,०७१.६६ | १९,४८०.९२ | | |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **३३.२४** | **३८.६४** | **२७.९६** | **२४.१८** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **११.७६** | **१३.९६** | **८.९७** | **७.७७** | | |
| अनिवार्य मौज्दात अनुपात | **०.७८** | **०.६७** | **०.५५** | **०.६२** | | |